# पाल्पाको भगवती जात्रा

सपना श्रेष्ठ[१]

**लेखसार**

*पाल्पा भगवती जात्रा नेपालको लुम्बिनी प्रदेशस्थित पाल्पा जिल्लाको तानसेनमा मनाइने एक ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्व हो । यो जात्रा नेपाली सेनाले ऐतिहासिक युद्धमा प्राप्त गरेको विजयको सम्झनामा सुरू भएको मानिन्छ र प्रत्येक वर्ष भव्य रूपमा मनाइन्छ । भगवती देवीप्रतिको आस्था, धार्मिक अनुष्ठान, पूजा-आराधना, रथयात्रा, पञ्चेबाजा, लाखेनाच, झाँकी तथा विभिन्न सांस्कृतिक प्रस्तुतिहरूमार्फत यस जात्राले स्थानीय समुदायलाई एकताबद्ध गर्दै परम्परा र सांस्कृतिक पहिचानलाई जीवन्त राख्ने कार्य गर्दछ ।*

*यस अध्ययनले पाल्पा भगवती जात्राको ऐतिहासिक पृष्ठभूमि, धार्मिक तथा सांस्कृतिक महत्व, सामाजिक प्रभाव, पर्यटन प्रवर्द्धनमा यसको योगदान तथा वर्तमान समयमा यसको संरक्षण र प्रवर्द्धनका चुनौतीहरूको विश्लेषण गरेको छ । साथै, आधुनिकता, शहरीकरण र पुस्तान्तरणका कारण परम्परागत संस्कृतिमा देखिएका परिवर्तनहरूलाई पनि अध्ययन गरिएको छ । निष्कर्षतः, पाल्पा भगवती जात्रा केवल धार्मिक उत्सव मात्र नभई नेपालको सांस्कृतिक सम्पदा, ऐतिहासिक गौरव, सामाजिक सद्भाव र स्थानीय पहिचानको महत्वपूर्ण प्रतीक भएकाले यसको संरक्षण, प्रवर्द्धन र भावी पुस्तामा हस्तान्तरण अत्यन्त आवश्यक रहेको छ ।*

**शब्दकुञ्जी :** पाल्पा भगवती, नेपाल सेना, संरक्षण, प्रवर्द्धन चुनौती, पुस्तान्तरण

## परिचय

काठमाडौँ उपत्यकामा जस्तै पाल्पा तानसेनमा पनि विभिन्न जात्रा, चाडपर्वहरू मनाउने चलन छ । यस सांस्कृतिक नगर तानसेनमा हुने विभिन्न जात्रा, चाडपर्वहरूमध्ये एक हो, पाल्पा भगवती जात्रा । यो जात्रा कुनै धार्मिक महिमा सँग गाँसिएको नभई नेपालको गौरवमय इतिहास, वीरता, धीरता र सेनाको रणकौशलसँग जोडिएको छ । नेपाल सरकार र ईष्ट इण्डिया कम्पनी सरकार सँग भएको एङ्लो-नेपाल-वार(१८१४-१८१६)को इतिहास यो जात्रासँग जोडिएको छ ।

जन्माष्टमीको भोलिपल्ट बिहान बाटै भगवती मन्दिरमा भक्तजनहरूको भीड लाग्छ । मन्दिर बाहिर रथमा राखिएको भगवतीको प्रतिमूर्तिलाई,पूजा गर्न । पाल्पा जिल्लाको सबभन्दा ठूलो जात्राको रूपमा भगवती जात्रालाई मानिन्छ । डा.कर्ण बहादुर बानियाका अनुसार मगर राज्यकालमा शिला मात्र स्थापना गरी पुज्ने चलन थियो । तर, सेनकालीन पाल्पामा प्रस्तर मूर्तिकलाको अधिक मात्रामा विकास भएको थियो । यसै क्रममा हालको मन्दिर भएको स्थानमा करिब १५ औँ शताब्दी तिर एउटा मन्दिरमा महिषासुर मर्दिनीको अत्यन्त कलात्मक प्रस्तर मूर्ति रहेको थियो भनिन्छ । खैरो रंगका अठार भुजामा सुसज्जित भगवतीको प्रत्येक हातमा आयुध धारण गरेको देखाइएको छ । जुन अद्यापि हालको मूर्तिको पछाडि रहेको छ । यसलाई शाक्त सम्प्रदायको मन्दिर पनि भनिन्छ (देउराली, २०७६:४७) ।

## समस्या कथन

पाल्पा जिल्ला, तानसेनमा सम्पन्न हुने धेरै जात्राहरूमध्ये श्री ७ रणउजीरेश्वरी भगवतीको जात्रामा केन्द्रित रही यसको अनुसन्धान गरिन आवश्यक भएकोले यस अध्ययनको समस्या कथनलाई बुँदागत रूपमा राखिएको छ ।

क) रणउजीरेश्वरी भगवती जात्राको इतिहास सँगको सम्बन्धको बारेमा अध्ययन नभएको ।

ख) पाल्पाको रणउजीरेश्वरी भगवती जात्रा उपत्काको जात्रामा रहेको भिन्नताको अध्ययन नभएको।

## शोधको उद्देश्य

काठमाडौँ उपत्यका बाहिर तर उपत्यकामा जस्तै हुने जात्रा हो, तानसेनको रणउजीरेश्वरी भगवती जात्रा । यस अध्ययनको मुल उद्देश्य तानसेन भगवती टोलमा प्रचलित रणउजीरेश्वरी भगवती जात्राको विश्लेषणात्मक अध्ययन गर्नु हो । यस अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् ।

क) रणउजीरेश्वरी भगवती जात्राको इतिहास सँगको सम्बन्धको

१. सहायक पाँचौं, पाल्पा दरबार संग्रहालय । sapanashrestha9860@gmail.com

बारेमा अध्ययन गर्नु ।

ख) पाल्पाको रणउजीरेश्वरी भगवती जात्रा र उपत्काको जात्रामा रहेको फरकपनाको अध्ययन गर्नु ।

## अध्ययन विधि

यो लेख तयार गर्दा श्री ७ रणउजिरेश्वरी भगवती मन्दिर, यससँग सम्बन्धित विभिन्न लेख, रचना तथा विभिन्न पुस्तकहरूको अध्ययन गरिएको छ । साथै अनलाइन डिजिटल पत्रिकामा प्रकाशित लेख, रचनाका साथै, भगवती गुठीका सदस्यहरूसँग अन्तर्वार्ता गरी व्याख्या तथा विश्लेषण गरिएको छ । त्यसैगरी भगवती जात्रालाई स्वयम् आफै हेरी पनि यस लेख तयार पारिएको छ ।

## अध्ययनको महत्व

तानसेनको मौलिक संस्कृतिको रूपमा रहेको यस जात्राको अनुसन्धानले निम्न जानकारीहरू र फाइदा पुऱ्याउने छन् ।

क) रणउजीरेश्वरी भगवती जात्राको इतिहास सँगको सम्बन्धको बारेमा जानकारी प्राप्त गर्नु ।

ख) पाल्पाको रणउजीरेश्वरी भगवती जात्रा र उपत्यकाको जात्रामा रहेको फरकपनाको बारेमा जानकारी हासिल गर्नु ।

## अध्ययनको विधि

यो अध्ययन गर्नका लागि गुणात्मक शोध पद्धति अपनाउँदै विश्लेषणात्मक र विवरणात्मक ढाँचामा अनुबन्धित गरिएको छ । विषयको दृष्टिले भने यो एक सांस्कृतिक अध्ययन हो । यस कुरालाई आधार मानेर यस अध्ययनका लागि आवश्यक तथ्यहरू प्राथमिक र द्धितीयक श्रोतहरूबाट संकलन गरिएको छ ।

१. प्राथमिक श्रोत : प्राथमिक श्रोतहरू अन्तर्वार्ता, जात्राको अवलोकन, पुरातात्विक स्थल, मठ मन्दिर र पुराना स्मारकको स्थलगत अन्वेषण, विज्ञ एवं यहाँका स्थानीयहरू सँगको अन्तर्वार्ता आदि रहेका छन् ।

२. द्वितीयक श्रोत : द्वितीयक श्रोतहरूमा पूर्व प्रकाशित पुस्तक, लेख, किंवदन्ती र भनाई, डकुमेन्ट्री, जर्नलहरू आदि रहेका छन् ।

यस प्राथमिक र द्वितीय श्रोतबाट प्राप्त सामाग्री तथा तथ्याङ्कहरूलाई वर्गीकरण, प्रशोधन, विश्लेषण गरेर गुणात्मक र मिश्रित विधिबाट तानसेनको श्री ७ रणउजीरेश्वरी जात्राको बारेमा अनुसन्धान तयार पारिएको छ ।

## इतिहास पल्टाउादा

नेपाल सँग अंग्रेज सरकार पटक पटक परास्त भएको इतिहास यो जात्रासँग गाँसिएको छ । पाल्पा राज्य नेपाल अधिराज्यमा विलय ता भयो परन्तु नेपाललाई शुभदायक भएन । एकातिर आफ्ना मित्र राजासँग गोर्खालीले यसतो व्यवहार गरेको देखेपछि अन्य आश्रित राज्यहरूका राजाहरूले शत्रुहरूको कुरा सुनी भड्कन थाले (पाण्ड्य, पन्त, २०६०:११०) । अर्कोतिर गोर्खालीले आफ्नो सरहद विस्तार गरेको देखेर न चीनलाई न कम्पनी सरकारलाई नै चित्त बुझेको थियो । दुवैले यस अभियानलाई रोक्न खोजिरहेका थिए । खास गरेर रोक्ने कुरामा ईष्ट इण्डिया कम्पनीले बढी चासो लिएको थियो । अँग्रेजहरूले आफ्नो अगाडि नेपालीहरूको चहचह देखिसहन्नथे । कसरी हुन्छ नेपालको बढीरहेको कदमलाई रोक्ने र मिनमेख पार्ने ताकमा कम्पनी सरकार लागिपरेको थियो (धनलक्ष्मी, १९८५:१५) ।

पाल्पा राज्य नेपाल अधिराज्यमा विलय भएपछि सेनहरूले भोग गर्दै आएको बुटवल र स्युराज लगायत गोरखपुर, बरेली, सारन, पूर्णिया आदि सिमावर्ती एकसय बाईस मौजाको विषयलाई लिएर कम्पनी सरकार र नेपाल सरकार बीच खट्पट् सुरू हुन थाल्यो । खासै भन्नुपर्दा नेपालद्वारा विजित पहाडि भू-भागहरूको सीमाना यकिन भएको थियो भने तराइतिरको जमिनको आधिकारिक सीमारेखा कोरिन सकेको थिएन । तराईको सिमानको विषयलाई लिएर नेपाल सरकार मात्र होइन ईस्ट इण्डिया कम्पनी/कम्पनी सरकार पनि अलमल थियो (स्टिलर, २०१८:७) ।

बृहत नेपाल निर्माण अभियानमा पाल्पा राज्य नेपाल अधिराज्यको आश्रित राज्य बनिसकेको थियो । बुटवल र स्युराजको दुई जमिन्दारी पहिलेदेखि नै सेनहरूले भोगचलन गर्दै आएका थिए । पाल्पाको राजाले नेपालका राजा र अवधका नवाज वजिरले बुटवलको भु-भाग कम्पनी सरकारलाई स्वामित्व हस्तान्तरण गरिसके पछि गोरखपुरका कलेक्टर र पृथ्वीपालसेनका प्रतिनिधि बसेर वार्षिक ३२००० रूपैयाँ भाडा लिएर पृथ्वीपालसेनलाई जमिन भोग गर्न दिने कुरामा सहमति भएको थियो । यस कुरामा नेपालका राजालाई कुनै आपत्ति थिएन । पृथ्वीपालसेन काठमाडौँमा कैद गरिए लगत्तै साना काजी अमरसिंह थापा र चौतरिया हस्तदल शाहको नेतृत्वको गोर्खाली सेनाले पाल्पा राज्यलाई नेपाल अधिराज्यमा विलय गरायो (श्रेष्ठ, २०७७:११५) । अमरसिंह थापा पाल्पाको तैनाथवाला भएलगत्तै सारन र तिरूहतका बाईस गाउँको विषयमा विवाद उठ्न थालेको थियो । त्यस समयमा कुन भु-भाग नेपालको हो र कुन भु-भाग कम्पनी सरकारको हो भन्ने कुरामा विवाद भइरहन्थ्यो ।

नेपाल-अंग्रेजबीच बुटवल र स्युराजको विषयमा पनि विवाद भएको थियो तथा अंग्रेजहरू पाल्पा कब्जा गर्न चाहन्थे । नेपाल कब्जा गर्न अंग्रेज फौजले तराईको विभिन्न ठाउँहरूबाट युद्धको शुरुवात गरिसकेका थिए । सोही अनुसार पाल्पा कब्जा गर्न बुटवलबाट युद्ध गर्ने जिम्मा मेजर जनरल जोन सुलिवान उडलाई सुम्पिएको थियो । त्यसबेला पाल्पाका तैनाथवाला १९ वर्षे ठिटा नयनसिंह थापाका पुत्र उजीरसिसंह थापा थिए । उनले वि.सं. १८७१ बाट १८८१ सम्म पाल्पाको तैनाथी चलाएका थिए । पाल्पा नेपालमा गाभिए पछि पहिलो तैनाथवाला भई आएका जनरल अमरसिंह थापा करिब १० वर्ष पाल्पा बसे । उनको मृत्यु पश्चात सो को नेतृत्व सम्हाल्न उजीरसिंह थापालाई पठाईको थियो । उनको बहादुरीता, रणकौशलता, सैन्य संगठन तथा दुरदर्शी नेतृत्वका कारण बुटवल जीतगढीमा भएको युद्धमा नेपाल विजयी भएको थियो । अन्य ठाउँहरूमा नेपाली पक्षको पराजय भए पनि पाल्पामा विजयी भएको

थियो (देउराली, २०७६:४८) ।

## भगवतीको मूर्ति

युद्धमा विजय हासिल गरिसकेपछि कर्णेल उजीरसिंह थापाले आफूले गरेको भाकल बमोजिम युद्धमा जानु अघि तानसेनको भगवतीको तीनतले कलात्मक मन्दिर निर्माण गरे । मन्दिरमा चढाइएको गजुर पनि कर्णेल उजीरसिंहको उचाइ बराबर स्थापित गरेको मानिन्छ । मूर्तिलाई नागको छत्र ओढाइएको छ । शिरमा सुन्दर मुकुट धारण सँगै छेपु रहेको छ भने दायाँबायाँ तिर चाँदीको उठेको कलात्मक नाग रहेको छ । मूर्तिको दाँयाँ हस्तहरूमा त्रिशुल, बज्र, अंकुश डमरु, चक्र, तीर, खड्ग धारण गरेको छ । वायाँतिरको हस्तमा केतका (ढाल), नाग, गदा, सुला, पास, करिहस्त मुद्रा, घण्ट, धारण गरेको छ भने एउटा हस्त अभय मुद्रामा रहेको छ । वायाँतिरको पछिल्लो हस्तले महिषासुरको टुप्पी समातिरहेको छ ।

तर, जात्राको दिन खट्मा राखिने भगवतीको मूर्ति भने मूल मूर्तिको प्रतिरूप हो ।

## भगवती जात्रा

श्रीकृष्णाजन्माष्टमीको भोलिपल्ट नवमीका दिन हुने यस श्री ७ रणउजीरेश्वरी भगवतीको खट्यात्रामा प्रयोग हुने खट्मा उत्कीर्ण गरिएको ॥ स्वस्ति श्री संवत् १८७७ साल सौर मानन् आषाढ मास दि नगतेषु १९ शुक्र वारसे दि नगत घटिषु २८ पलेषु ५५ श्री ७ भगवतीका चरणमा श्री कर्णेल उजीरसिंह थापाले चढाएको षट हो शुभ्म ॥ हरफले श्री ७ रणउजीरेश्वरी भगवतीको खट्यात्रा विसं १८७७ सालदेखि चलिआएको देखिन्छ (श्रेष्ठ, २०७७:२०२) ।

कृष्णाजन्माष्ठमीको दिन रात्रिमा जाग्राम बसिन्छ । जाग्रामको दिन दाफा भजन मण्डलीहरूबाट राती अबेरसम्म भजन हुने गर्दछ । यसै रात मध्यान्नमा लाखेलाई मार्ने चलन पनि यहाँ रहेको छ । गथामुंग चऱ्हे देखि सुरू भएको लाखे नाच यस दिन सेलाउने गरिन्छ । भगवतीले लाखे मारेपश्चात अर्को गथामुंग चऱ्हे नआएसम्म लाखे नाच तथा जात्रा निकाल्न नपाउने चलन रहेको छ ।

सोही राती अष्टमीको पूजापछि साइत जुराएर भगवतीको मूर्तिलाई समितिको अध्यक्षले बोकी, नेपाली सेना प्रमुखले कर्णेल उजीरसिंह थापाको खड्ग हातमा लिएर सेनाको टोलीले सलामी दिएपछि खट्मा लगी राख्ने गरिन्छ । खट्लाई तीनपटक मन्दिर परिक्रमा गराइसकेपछि खट्लाई मन्दिरको अगाडि राखिन्छ । भोलि पल्ट नवमी अर्थात् खट्यात्राको दिन पूजा तथा बलि चढाउने गर्दछन् ।

दिउँसो मध्यान्नमा खट् उठाउने साइत हुन्छ । सेनाबाट सलामी अर्पन सहित बढाई गरेपछि सैनिक व्याण्ड बाजाको धुनको आवाजसँगै सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरी साथै निजामति कर्मचारी, विद्यार्थी लगायत सर्वसाधारणहरूको लावालस्कर अगाडि बढ्छ । विभिन्न बाजागाँजा, भ्यालीको तालमा युवाहरूको जोस र जाँगरका साथ पाल्पाको सदर मुकाम तानसेनको मध्यभागमा अवस्थित श्री ७ रणउजीरेश्वरी भगवती माईको खट्यात्रा जब उठ्छ, उल्लासमय विजयोत्सवको झझल्को दिने गर्दछ । मानौ युद्ध विजय गरेर आएको वीरहरूको समुहले विजयोउत्सव मनाएको जस्तो लाग्छ (श्रेष्ठ, २०७७:२०३) ।

खटबोक्ने जिम्मा भने कुमाल जातिको रहेको छ । खटमा एक पुजारी हुन्छ भने खटको सबैभन्दा माथिल्लो भागमा एक जना कुमाल जातिका पिपा हुने गर्छ । उसले खट बोकेर लैजाने क्रममा तार अथवा अन्य केही बाधा आएमा पार लगाउने गर्दछ । कुमाल जातिकाहरूले आफ्नो निधामार तोरीको तेलमा मोहनी फिटेको कालो टीका लगाएका हुन्छन् । खट बोक्नको लागि उनीहरु जम्मा बत्तिसजना हुने गर्दछन् । सबैभन्दा पहिले मूलपूजा भएपश्चात उनीहरूले भगवतीको खट् बोकेर अगाडि बढ्दछन् । त्यसपछि खट्ले मन्दिरलाई तीनफन्को मारेपछि कर्णेली पूजा हुने गर्छ । कर्णेली पूजा भएपछि खट्यात्रा ठूलो मूलढोकाबाट निस्किएर शीतलपाटी हुँदै पाल्पा दरबारमा पुग्छ ।

दरबारका तत्कालीन तैनाथवाला (पछि बडाहाकिम हाल प्रमुख जिल्ला अधिकारी) को पूजा पहिलो चढ्ने गर्दछ । त्यहाँपछि प्रहरी, शसस्त्र प्रहरी र पाल्पा दरबार संग्रहालयको पुजा हुन्छ । पाल्पा दरबारबाट फर्केपछि शीतलपाटी, बसन्तपुरटोल, चुत्राभज्याङ्, कैलाशनगर हुँदै फेरी शीतलपाटीमा आई-असनटोल-नारायणटोल-भीमसेनटोल हुँदै तानसेन नगरपालिका पुग्छ । नगर प्रमुखले पूजा दिएपछि खट्यात्रा सैनिक ईलाकामा प्रवेश गर्दछ ।

सैनिक ईलाकामा खट्यात्रा प्रवेश गर्दा खट्लाई सेनाका जवानहरु नै बोक्ने गर्दछन् । त्यहाँ अन्य व्यक्तिहरूलाई भने जान रोक लगाइन्छ । ब्यारेकमा सेनाको गणपतिबाट पूजा सम्पन्न भएपछि खट्यात्रा बसपार्क-बडिझानटोल-सिलेखानटोल-टक्सारटोल हुँदै फेरि भगवती मन्दिरमै ल्याइन्छ । उक्त खट्लाई मन्दिरको तीनफन्को लगाएर भित्राएपछि साँस्कृतिक, ऐतिहासिक एवम् राष्ट्रिय गौरव बोकेको खट्यात्राको समापन हुन्छ ।

वि.सं. १८७७ सालदेखि प्रत्येक वर्ष हर्षोल्लासका विजय उत्सवको रूपमा मनाउँदै आएको श्री ७ रणउजीरेश्वरीको खट्यात्रामा यो वर्ष २०५ औँ खट्यात्रा हो । जुन पहिलो पटक सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

यो श्री ७ रणउजीरेश्वरी भगवतीको खट्यात्रा राष्ट्रियता, राष्ट्रिय गौरव र राष्ट्रिय वुजुदसँग गाँसिएको छ । यो पाल्पा भगवतीको खट्यात्रा राष्ट्रिय पर्व पनि हो । पाल्पा भगवती खट्यात्राको धार्मिक महिमा मात्र नभई युद्धको विजयलाई प्रतिनिधित्व गर्ने विजयोत्सवसँग महत्व गाँसिएको छ । यो खट्यात्रा नेपालको गौरवगाथा, वीरता, धीरता र रणकौशलसँग शादृश्य एवम् विरहरूको गौरवमय इतिहास पनि जोडिएको छ ।

यसको ऐतिहासिक महत्वको कदर स्वरूप नेपाल फिलाटेलिक ब्यूरोले २०६८ साल पौष ११ तद्अनुसार सन् २०११ डिसेम्बर ३१ तारिखका दिन धार्मिक टिकटमालामा प्रथमदिवसीय टाँचा लगाई पाल्पाको श्री ७ रणउजीरेश्वरी भगवतीको रूपैया २ को हुलाक टिकट जारी गरेको छ । साथै लुम्बिनी प्रदेश सरकारले मिति २०७७/०१/१० को निर्णय अनुसार श्री ७ रणउजीरेश्वरी भगवतीको खट्यात्रा, पाल्पा

भगवती जात्राको दिनमा सार्वजनिक बिदा दिने घोषणा गरेको छ(श्रेष्ठ, २०७९:२०५) । तर, हाल भएको लुम्बिनी प्रदेश ऐन अनुरूप भगवतीको जात्राको दिन प्रदेश सरकारको तर्फबाट बिदा हुने राजपत्रांकित निर्णय भएको छ ।

## निष्कर्ष

पाल्पाको खट्यात्रा जस्ता धेरै अभौतिक सम्पदा लुम्बिनी प्रदेशमा छन् । यस प्रदेशमा थारू, मुस्लिम, मगर, नेवार लगायतका विभिन्न समुदायको वसोबार भएकाले यस किसिमका जात्रा तथा नाच र पर्व मेलाहरू प्रशस्त मात्रमा छन् । ती मध्ये केहि जात्राहरू मात्र बृहत्तर जानकारी तथा अभिलेखमा आएका छन् । यदि राज्यले समयमै यी सम्पदाहरूको संरक्षणमा ध्यान दिन सकेन भने हाम्रा अमूल्य सम्पदाहरू लोप हुने खतरा रहेको छ । त्यसैले प्रदेशभर रहेका यस किसिमका सबै जात्रा तथा परम्परागत सम्पदाको खोजी व्यवस्थित अभिलेख राख्ने र यिनहरूलाई उपयुक्त ढंगले प्रदर्शन गरी धेरै भन्दा धेरै मानिसहरू समक्ष पुऱ्याउन सक्ने बनाउनु आवश्यक छ । यसका लागि खासगरी स्थानीय सरकार र प्रदेश सरकारले अभिलेख तयार गर्ने तथा आवश्यक संरक्षण र प्रवर्द्धनको योजना बनाउन सक्छन् भने संघीय सरकारले यी सम्पदाको अध्ययन अनुसन्धान तथा विज्ञ सहयोग गरी आवश्यक बजेट समेत व्यवस्था गरेर काम गर्नुपर्ने देखिन्छ ।

भगवतीको खट्यात्राले जुन किसिमको माहोल पाइरहेको छ, त्यसबाट सिकेर अन्य जात्रा र सम्पदाहरूको संरक्षणमा योगदन गर्न सकिने देखिन्छ । यसै गरी यस्ता सम्पदाहरूको श्रव्य दृश्य सामग्री तयार पारी संग्रहालय समेत तयार गर्न सकिन्छ । यदि हामीले अभौतिक सम्पदाको संग्रहालयको सोच बनाइ सो को कार्यान्वयनका लागि अहिले देखि नै काम गरेको खण्डमा धेरै सम्पदाहरूको संरक्षण र अभिलेख सम्भव छ । अन्यथा जति ढिला गऱ्यो त्यति नै यस्ता सम्पदाहरू लोप हुने र आम मानिसहरूले यिनिहरूको जानकारी लिन पाउँने सम्भावना पनि न्यून हुँदै जाने खतरा बढ्ने छ ।

## सन्दर्भ सूची


श्रेष्ठ, निर्मल (वि.सं.२०७७), *सांस्कृतिक नगर तानसेनः दि लिभिङ्ग म्युजियम*, प्राप्ति छापाखाना, काठमाडौँ ।

श्रेष्ठ, निर्मल (वि.सं.२०७९), *समर सौन्दर्यका नायक कर्णेल उजीरसिंह थापा, नेपाल-अँग्रेज युद्ध र महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती जात्रा*, प्र.प्राप्ति छापाखाना, काठमाडौँ ।

देउराली, मदन (वि.सं.२०७६), *तानसेनमा मनाइने जात्रा तथा चाडपर्वहरू,* देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान, तानसेन, पाल्पा ।

पाण्डेय, तोत्रराज र नयराज पन्त (वि.सं.२०६०) ने*पालको संक्षिप्त इतिहास*, प्र. खिल शर्मा राजीवलोचन जोशी स्मारक प्रतिष्ठान, काठमाडौँ ।

योजना, प्रगति तथा तथ्याङ्क शाखा, (वि.सं.२०२५) *यो हो पाल्पा* ।

श्री चण्डी प्रसाद गण (वि.सं.२०७३), प*ाल्पासँग नेपाली सेनाको सम्बन्ध*, प्र. श्री सै.ज.नि., त्रिपुरेश्वर, काठमाडौँ ।

Dhanalaxmi Ravuri. (1981 A.D.), British Attitude to Nepal¼s Relations with Tibet and China, pub. Bahri Publications pvt, New Delhi.

Stiller, L.F. (2018 A.D.), The Silent Cry, pub. Educational Publishing House, Kathmandu .

https://www.orphanednation.com/the-bhagwati-jatra-of-tansen-palpa/

https://nagariknews.nagariknetwork.com/others/188599-1566613920.html

https://ujyaaloonline.com/story/5922

https://www.ratopati.com/story/10113